# कृषि स्वास्थ्य शिक्षा र गुणस्तरीय पूर्वाधारः समृद्ध छविसपाथिभेरा निर्माणको आधार

छविसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

## छविसपाथिभेरा गाउँपालिका
## १८ औं अधिवेशन
## वार्षिक नीति तथा कार्यक्रम
## (आर्थिक वर्ष २०८३/०८४)

छबिसपाथिभेरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

**आदरणीय गाउँसभाका सभा अध्यक्ष ज्यू तथा सभासदज्यूहरु,**

यस छविसपाथिभेरा गाउँपालिकाको गाउँसभाको १८औं अधिवेशनका सभा अध्यक्षज्यू, सचिव ज्यू गाउँसभाका सभासदज्यूहरु, राष्ट्रसेवक कर्मचारी,शिक्षक एवंम छविसबासी, पत्रकार, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि ज्यू एवम यस हलमा उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरुमा छविसपाथिभेरा गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछुँ। सर्वप्रथम नेपाल राष्ट्रको रक्षा , संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवंम मुलुकको सर्वाङगीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका ऐतिहासिक जनआन्दोलन, राजनीतिक क्रान्ति, जनयुद्ध, एवंम विभिन्न जनआन्दोलनमा आफ्नो अमूल्य जीवन आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। विभिन्न राजनीतिक आन्दोलनका क्रममा वेपत्ता नागरिक,घाइते योद्धाहरुप्रति उच्च सम्मानका साथै नेपाली समाजको सकारात्मक रुपान्तरणको क्रममा अग्रपंक्तिमा रहेका नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा तथा दिगो विकास लक्ष्यलाई स्थानीय तहबाट कार्यान्वयन गर्ने तथा गाउँवासीका आधारभूत आवश्यकताहरुको संम्वोधन गर्ने उद्देश्य सहित यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु। यस नीति तथा कार्यक्रमले गाउँपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक तथा संस्थागत विकासलाई समेट्दै सुशासन, समावेशी विकास, वातावरणीय सन्तुलन तथा नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकतामा राखेको छ।

**आदरणीय सभाअध्यक्ष ज्यू तथा सभासद ज्यूहरु**

अब म गाउँपालिकाको नीति तथा कार्यक्रमका नीतिगत आधार एवंम उदेश्यहरु प्रस्तुत गर्न चाहान्छु।

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका नीतिगत आधारहरु:**

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- नेपालको सोह्रौ योजनाको सोच
- दिगो विकास लक्ष्य (SDGs)
- नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम
- गाउँपालिकाको आवधिक योजना
- स्थानीय आवश्यकता तथा नागरिक सुझाव
- जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा समावेशी विकासका सिद्धान्त

**यस नीति तथा कार्यक्रमका मूलभुत उदेश्यहरु देहाय बमोजिम रहेका छन।**

१. गुणस्तरीय र नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्नु।
२. कृषि, पर्यटन, उद्यम तथा रोजगारी प्रवर्द्धन गर्नु।
३. विपद् प्रतिरोधी तथा वातावरणमैत्री पूर्वाधार निर्माण गर्नु।



बसन्त बहादुर चलाउने
अध्यक्ष

४. महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सशक्तीकरण गर्नु ।

५. . सुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्नु ।

६. गुणस्तरीय स्वास्थ्य, शिक्षा,खानेपानी तथा सरसफाई सेवामा पहुच बढाई सेंवाको अनुभुति दिलाउने ।

**आदरणीय सभाअध्यक्ष ज्यू तथा सभासद ज्यूहरु**

अब म सामाजिक विकास तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

**१. सामाजिक विकास**

**क. शिक्षा, युवा तथा खेलकुद**

**निशुल्क, समानतामूलक, प्रविधिमैत्री एवम गुणस्तरीय शिक्षा: सुशिक्षित तथा सीपमूलक व्यक्ति र समतामूलक समाज निर्माण गाउँपालिकाको इच्छा"** भन्ने दूरदृष्टिका साथ निम्नानुसारका नीतिहरु अवलम्बन गरिनेछ :

१.विद्यालय शिक्षाको गुणस्तर सुधारलाई प्राथमिकता दिइनेछ ।

२. प्रविधिमैत्री एवम गुणस्तरीय शिक्षा प्रवर्द्धनका नविन प्रविधिको प्रयोग गर्न तथा शिक्षालाई प्रविधिसग जोड्न विद्यालयहरुमा इन्टरनेट जडानका कार्यलाई निरन्तरता दिईने छ ।

३. प्रारम्भिक बाल कक्षामा अध्ययनरत बालबालिकाहरुको शारीरिक,मानसिक,बौद्धिक विकासलाई मध्यनजर गरी विद्यालयहरुमा सुरक्षित बसाई ब्यवस्थापन,शैक्षिक सामग्री व्यवस्थापन गर्नुका साथै अभिभावकहरुलाई जिम्मेवार बनाउन अभिभावकहरुसँग छलफलका कार्यक्रम संचालन गरिनेछ

४.विद्यालय क्षेत्रको समग्र सुधार तथा विकासका लागि यस गाउँपालिकाबाट स्वीकृत गाउँ शिक्षा योजना कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।

५.गाउँपालिका अन्तर्गत संञ्चालित विद्यालयहरुको नक्साङ्कन,शिक्षक विद्यार्थी अनुपात,तहगत संरचना, शैक्षिक गुणस्तर समेत अध्ययन गरी विद्यालय समायोजन, एकीकरण, कक्षा थप , घटुवा तथा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलानको कार्य गरिनेछ ।

६.शिक्षक दरबन्दी कम भएका र शुन्य दरबन्दी भएका सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलापमा सहयोग गर्नका लागि स्वयंसेवक शिक्षकको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

७."स्वच्छ भोजन स्वस्थ जीवन" भन्ने मुल मर्मलाई आत्मसात गर्दै स्थानीय उत्पादनमा आधारित दिवा खाजा मेनु बमोजिम विद्यालयका बालबालिकालाई दिवा खाजा खुवाउने ब्यवस्थालाई थप प्रभावकारी र विद्यालय भान्साघर सुधारकालागि पहल गरिनेछ ।

८.सामुदायिक विद्यालयमा कार्यरत शैक्षिक जनशक्तिलाई आफ्नो पेशाप्रति जिम्मेवार र उत्तरदायी बनाउन पुरस्कार र सचेत गराउने व्यवस्थालाई प्रभाकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९.शैक्षिक उपलब्धिका आधारमा उत्कृष्ठ विद्यालय उत्कृष्ठ शिक्षक र उत्कृष्ट विद्यार्थी छनौट गरी पुरस्कार तथा सम्मानको नीति अवलम्बन गरिने छ ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

१०.विद्यालयहरुले प्रयोगमा ल्याएका असल अभ्यासका कार्यक्रमहरुलाई एक आपसमा आदानप्रदान गर्न गराउन प्रोत्साहित गरिनेछ।

११.**"सुरक्षित विद्यालय सुरक्षित किशोरी कार्यक्रम"** मार्फत माध्यमिक विद्यालयस्तरका विद्यार्थीहरुका लागि किशोरी आत्मरक्षा कार्यक्रम संञ्चालन गरिने छ। साथै किशोरीहरुलाई निःशुल्क सेनेटरी प्याड विद्यालयमा नै उपलब्ध गराउने ब्यवस्था मिलाईनेछ।

१२.**"सन्तुलित आहार शैक्षिक गुणस्तर अभिवृद्धिको आधार" भन्ने** आदर्श वाक्यका साथ विद्यालय पोषण कार्यक्रमलाई प्रभाबकारी रुपमा संचालन गर्न संघ संस्थासँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

१३.विद्यालय स्तरीय खेलकुद तथा प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलाप अन्तर्गत विभिन्न प्रतियोगिताहरु संञ्चालन गर्न निरन्तरता दिईनेछ

१४.विद्यालयहरु एकरुपताका साथ संचालन तथा ब्यवस्थापनका लागि शैक्षिक पात्रो निर्माण गर्ने नीतीलाई निरन्तरता दिइने छ।

१५. स्थानीय पाठ्यक्रम कक्षा (१-८) कार्यान्वयनको पक्षलाई प्रभावकारी बनाउन सन्दर्भ सामाग्रीको निर्माण तथा संकलन गरी प्रत्येक विद्यालयमा उपलब्ध गराउने ब्यवस्था मिलाइनेछ।

१६.कक्षा ८ को वार्षिक परीक्षा मर्यादित रुपमा पालिका स्तरमा संचालन गरी प्रमाणीकरण गर्ने कार्यलाई निरन्तरता दिनने छ।

१७.लागुऔषध दुर्व्यसन न्यूनीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**ख. स्वास्थ्य**

- आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुच सुनिश्चित गरिने छ।
- गाँउपालिका क्षेत्रमा स्थायी रुपमा बसोबास गर्ने सबै जातजातिका विपन्न वर्गका समुदायलाई लक्षित गरी सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय स्वास्थ्य संस्थामा कम्तिमा ८ पटक गर्भ जाँच गराई तथा सुरक्षित स्वास्थ्य संस्थामा सुत्केरी गराएमा र ३५ दिन भित्रमा सम्बन्धित वडा कार्यालयमा जन्मदर्ता गराउने आमालाई प्रोत्साहन स्वरुप **उपाध्यक्ष पोषण कार्यक्रम** लाई निरन्तरता दिईने छ।
- अध्यक्ष स्वास्थ्य कार्यक्रम अन्तरगत जेष्ठ नागरिक अपाङ्ग, असक्त बालबालिकाको र सुत्केरी आमाको घरघरमा महिनाको एक दिन निशुल्क स्वास्थ्य सेवा प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ।
- स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने दरलाई बढाउन प्रति केन्द्रलाई साधन स्रोत सम्पन्न गराउनुका साथै २४ घण्टा सेवा प्रदानको ब्यबस्था गरिनेछ। साथै शुन्य होम डेलिभरी वडा घोषणाको अवधारणालाई अगाडि बढाइनेछ।
- गाउँपालिका भित्र सुत्केरी गराउन नसकेका महिलाहरुलाई जिल्ला अस्पताल सम्म निःशुल्क रुपमा पुर्याउने एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।
- पूर्ण खोप दिगोपना तथा सुनिश्चिता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- पोषण सुधार तथा खोप कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- नसर्ने रोग, मानसिक स्वास्थ्य तथा किशोर स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत संञ्चालन गरिने सम्पूर्ण क्रियाकलापहरुलाई निरन्तरता दिईने छ।
- वडाहरु लाई पोषण मैत्री वडा घोषणा हुदै गाँउपालिका पोषण मैत्री घोषणा अभियान संचालन गरिनेछ।
- स्वस्थ्य जिवनकालागि सबैका लागि योग र सधैका लागि योगको नारालाई निरन्तरता दिईने छ।

**ग.खानेपानी तथा सरसफाई**

- पालिका भित्र **एक घर एक धारा** को नीतिलाई निरन्तरता दिदै जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनासंगको साझेदारीमा थप खानेपानी, र बहुउपयोगी योजनाहरु निर्माण गर्ने नीति लिईएको छ।
- सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- खानेपानी योजनाको मर्मत तथा दिगोपनमा जोड दिइनेछ।
- जलस्रोत संरक्षण तथा पानीको मुहान संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- **"खानेपानी योजना हाम्रो हो, नियमित मर्मत सम्भार गर्नु राम्रो हो"** भन्ने अभियानलाई आत्मसाथ गर्दै यस गाउँपालिका भित्र सम्पन्न भएका योजनाहरुको दिगो व्यवस्थापनको लागि योजना मर्मत सम्भार कोषको स्थापना गरी पालिका स्तरियं उपभोक्ता समिति सञ्जाललाई क्रियाशिल गराईने छ।
- विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग खानेपानी तथा सरसफाई, जिविकोपार्जन, विपद व्यवस्थापन र जलवायू अनुकुलन सम्बन्धि साझेदारी कार्यक्रम संचालन गरिनेछ।

**घ. महिला बालबालिका तथा सामाजिक समावेशीकरण**

- महिला सशक्तीकरण तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- लैंगिक हिंसा न्यूनीकरण तथा संरक्षण सेवालाई प्रभावकारी बनाइनेछ।
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरिनेछ।
- दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विपन्न समुदायका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- किशोरी सशक्तीकरण तथा जीवनोपयोगी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा वितरण प्रणालीलाई पारदर्शी तथा प्रभावकारी बनाइनेछ

बसन्त बहादुर चलाउने
अध्यक्ष

➢ **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसाविरुद्ध शून्यसहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

➢ बालविवाह न्यूनिकरण तथा महिनावारी स्च्छता व्यवस्थापन सम्बन्धि विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

➢ विभिन्न समयमा जनयूद्ध जनआन्दोलनमा सहादत प्राप्त गर्नुहुने शहिद पारिवारलाई मासिक रु ३०००। प्रोत्सहान भत्ता दिने र घाइते तथा अपाङ्ग व्यक्तिहरुलाई उपचार गर्न आर्थिक सहयोगको नितीलाई निरन्तरता दिइनेछ।

➢ बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न त्यस सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन्

**आदरणीय सभाअध्यक्ष ज्यू तथा सभासद ज्यूहरु**

## २. आर्थिक विकास

### क. कृषि तथा पशुपन्छी

➢ **एकगाउँ एक उत्पादन कार्यक्रम** संञ्चालनको लागि थप सम्भाब्यता अध्ययन गरि कार्यक्रम संञ्चालन गरिने छ

➢ **"कृषि उत्पादनमा वृद्धि,गाउँपालिकाको समृद्धि"** नारा अनुरुप कृषि क्षेत्र लाई बिशिष्टिकरण, आधुनिकिकरण, यान्त्रिकिकरण र व्यवसायीकरण गर्दै उत्पादन तथा उत्पादकत्व बृध्दि गरिने छ

➢ कृषि उपजको बजारिकरणलाइ टेवा पुर्याउन कृषकको उपजलाई बजार सम्म लैजानका लागि आबश्यक सहयोग गर्ने निति लिइने छ।

➢ कृषकको मागका आधारमा भूगोल र हावापानी सुहाउँदो फलफूल बगैचा स्थापना ,तरकारी खेती,रैथाने बाली प्रबर्ध्दन गर्न बिभिन्न साँझेदार निकायहरु सँगको साँझेदारीमा पकेट कार्यक्रम सञ्चालन गरिने निती लिइने छ।

➢ एकल,महिला,दलित सिमान्तकृत बर्गमा पोषणको पहुँच पुर्याउन यस गाउँपालिकाको बिभिन्न स्थानमा कृषक पोषण पाठशाला संञ्चालन गरिने निति लिइने छ।

➢ माटोको गुणस्तर बृध्दि गर्न प्राङ्गारिक मलको प्रयोग र बिषादीको प्रयोगलाइ न्यूनिकरण गर्न सचेतना कार्यक्रम संञ्चालन गर्ने निति लिइने छ।

➢ बिभिन्न सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरु सँग समन्वय तथा सहकार्य गरि कृषि क्षेत्रको बिकास का लागि कार्यक्रम संञ्चलान गरिने निति लिइनेछ।

➢ **"हाम्रो उत्पादन, हाम्रो स्वाभिमान,रैथाने बाली उत्पादन तथा प्रबर्ध्दन"** अर्न्तगत रैथाने बाली (मार्सिधान,कोदो,कागुनो,जौं,फापर,भाङ्गो,सिलाम)को उत्पादन संरक्षण र प्रबर्ध्दन गर्दै उत्पादन उपभोग र बजारिकरण लाइ जोड दिइने छ

➢ उच्च मुल्य तथा महत्वका फलफूल तरकारी मसला दलहन तथा तेलहन बालीको उत्पादन तथा प्रबर्ध्दन गर्न सम्भाब्यताको आधारमा कार्यक्रम संचालन गरिने छन्।



बसन्त बहादुर चलाउने
अध्यक्ष

- पशु स्वास्थ्य शिविर तथा खोप कार्यक्रम नियमित सञ्चालन गरिनेछ।

**ख. पर्यटन, उद्यम तथा रोजगार**

- गाउँपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
- स्थानीय कला, संस्कृति तथा परम्परागत पहिचानको संरक्षण गरिनेछ।
- पर्यटन पूर्वाधार निर्माण तथा प्रचारप्रसार कार्यक्रम सञ्चालन गरिनेछ।
- युवा स्वरोजगार तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- सीपमूलक तथा व्यवसायिक तालिमं कार्यक्रम सञ्चालन गरिनेछ।
- लघु तथा घरेलु उद्योग प्रवर्द्धन गरिनेछ।
- वैदेशिक रोजगारबाट फर्किएका युवाहरूको पुनःएकीकरण तथा उद्यम विकासमा सहयोग गरिनेछ।
- रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाई स्थानीय रोजगारी सिर्जनामा जोड दिइनेछ।
- उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।
- सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमन लाई प्रभावकारी तुल्याइने छ।

**ग. सुशासन तथा संस्थागत विकास**

- गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी तथा प्रभावकारी बनाउन ई हाजिरी प्रणालीलाई निरन्तरता दिईनेछ।
- नागरिक सहायता कक्ष तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षणलाई नियमित गरिनेछ।
- गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनालाई अद्यावधिक गरिनेछ
- कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- बेरुजु न्यूनीकरण तथा वित्तीय अनुशासनलाई प्राथमिकता दिइनेछ।
- न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरी स्थानीय विवाद समाधानलाई प्रभावकारी बनाइनेछ।
- सामुदायिक मेलमिलापकेन्द्रलाई व्यवस्थित बनाउदै सबै वडा कार्यालयहरुमा स्थापना भइ सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुबाट विवाद निरुपण कार्यलाई थप प्रभावकारी बनाइनेछ।
- विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचय पत्र उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछन्।

बसन्त बहादुर चलाउने
अध्यक्ष

**घ. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन कार्यक्रम**

- विपद रोकथाम तथा न्यूनिकरणका लागि पूर्व तयारी, प्रतिकार्य र पूर्नलाभका कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय विपद कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ। विपद व्यवस्थापनका लागि थप आवश्यक कार्य समेत गरिने भएको छ।
- जहाँ बिपद् त्यहाँ छविसपाथिभेरा को अवधारणालाई आत्मसाथ गर्दै गाउँपालिका विपद् कोष स्थापना गरी सञ्चालनमा ल्याईने छ र बिभिन्न संघ संस्थाहरुसंग समन्वय सहकार्य गरी थप बजेटको लागि पहल गरिनेछ।
- वैज्ञानिक पद्धतिबाट बनजंगलको संरक्षण तथा सुकेका पानीका मुहानहरु पुर्नजिवित गर्नका लागि प्राकृतिक स्रोत संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालाई प्राथमिकता दिइनेछ र केहि विशेष क्षेत्रलाई छनौट गरी जलाधार संरक्षण क्षेत्र नमुनाको रुपमा अगाडी बढाइनेछ।
- एक बोट भविष्यको नोट भन्ने नाराका साथ गाउँपालिकामा हरियाली अभियान संञ्चालन गरिनेछ।
- पालिकाका विभिन्न क्षेत्रमा बृक्षारोपणका लागि आवश्यक बिरुवा उत्पादनका लागि बहुउद्देशीय नर्सरी स्थापना गरिनेछ।
- सामुदायिक वन संरक्षण तथा व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ।
- जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- पहिरो, बाढी तथा डुबान प्रभावित क्षेत्रमा पूर्वतयारी तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- फोहोरमैला व्यवस्थापन तथा प्लास्टिक न्यूनीकरण अभियान सञ्चालन गरिनेछ।
- विपद् व्यवस्थापन कोषलाई सुदृढ गरिनेछ।

**आदरणीय सभाअध्यक्ष ज्यू तथा सभासद ज्यूहरु**

**३. भौतिक पूर्वाधार विकास**

- आवधिक योजना,आवास योजना, र बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाभित्रका सडकहरूको स्तरोन्नति तथा नियमित मर्मत गरिनेछ।
- गौरवका योजनाहरु मागको लागि संघ तथा प्रदेश मार्फत अनुरोध गरिनेछ र डि पि आर अनुसारको योजनाको कार्यलाई अघि बढाइ दिगो विकासको लक्ष्यलाई अवलम्बन् गरि योजना निर्माणमा विशेष ध्यान दिइनेछ।
- सुरक्षित आवास तथा विपन्न आवास कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका विजुली बत्ती नपुगेका गाउँ बस्तीहरुलाई विजुली बत्ती पुर्याउन उच्च प्राथमिकता दिइ आगामी एक बर्ष भित्र गाउँपालिकालाई उज्यालोयूक्त गाउँपालिका घोषणा गरिनेछ
- सूचना तथा सञ्चार पूर्वाधार विस्तार गरि सबै वडामा आगामी आ व भित्र अप्टिकल फाईवर सेवा विस्तार गरिने छ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

- पूर्वाधार निर्माणका आयोजनाहरु सञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका तथा अविकसित क्षेत्रलाई मूलप्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजनाबैंक" तयार गरिनेछ। सो योजना बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
- सबै टोल बस्तीहरुमा मोटरबाटो जोड्न गाउँपालिका सडक गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
- गाउँपालिका क्षेत्रभित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नुपर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।
- कृषि,सिँचाई,गरिबी निवारण तथा पर्यटन प्रवर्द्धनसम्बन्धी पूर्वाधारको विकासमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउपालिका भित्रका पूर्वाधार तयार गर्दा बालमैत्री, अपाङ्गमैत्री,महिलामैत्री संरचनामा जोड दिइने छ।

**४.वित्तीय अनुशासन तथा स्रोत व्यवस्थापन**

- आन्तरिक राजस्व परिचालनलाई सुदृढ गरिनेछ।
- कर प्रणालीलाई पारदर्शी, न्यायोचित तथा नागरिकमैत्री बनाइनेछ।
- योजना छनोटमा आवश्यकता, उत्पादनशीलता तथा समावेशितालाई प्राथमिकता दिइनेछ।
- उपभोक्ता समिति तथा निर्माण कार्यमा पारदर्शिता सुनिश्चित गरिनेछ।
- सार्वजनिक खरिद प्रक्रियालाई कानुन सम्मत तथा प्रतिस्पर्धी बनाइनेछ।

**५. कार्यान्वयन रणनीति**

- सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई सुदृढ गरिनेछ।
- संघ, प्रदेश, निजी क्षेत्र तथा विकास साझेदारसँग सहकार्य गरिनेछ।
- नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिनेछ।
- नतिजामूलक व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ।
- डिजिटल प्रणालीमार्फत प्रगति अनुगमन गरिनेछ।

**६.अपेक्षित उपलब्धि**

- कृषि उत्पादन तथा रोजगारीमा वृद्धि हुने।
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच विस्तार हुने।
- खानेपानी तथा सरसफाइको अवस्था सुधार हुने।
- पूर्वाधार विकासमा तीव्रता आउने।



बसन्त बहादुर चलाउने
अध्यक्ष

➢ सामाजिक समावेशीकरण तथा सुशासन प्रवर्द्धन हुने ।

➢ वातावरण संरक्षण तथा विपद् प्रतिरोधात्मक क्षमता अभिवृद्धि हुने ।

➢ नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आउने ।

**आदरणीय सभाअध्यक्ष ज्यू तथा सभासद ज्यूहरु**

अन्त्यमा,

आर्थिक वर्ष २०८३।०८४ को लागि प्रस्तावित नीति कार्यक्रमले "**कृषि,स्वास्थ्य,शिक्षा र गुणस्तरीय पूर्वाधार, समृद्ध छबिसपाथिभेराको आधार**" निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन सम्बन्धित सबैको महत्वपूर्ण योगदान रहने मेरो विश्वास छ ।

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट उत्पादन, उत्पादकत्व र रोजगारीमा वृद्धि भई स्वाधीन, सबल समाज निर्माण गर्न योगदान पुग्नेछ । नागरिकको गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्यमा पहुँच वृद्धिसँगै सेवा प्रवाहमा सारभूत परिवर्तन भई जनतामा स्थानीय सरकार प्रतिको विश्वासमा बढोत्तरी हुने अपेक्षा लिएको छु ।

छबिसपाथिभेरा गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यू, सभाका सदस्य ज्यूहरु, विभिन्न समितिका संयोजकज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । विभिन्न माध्यमबाट राय सुझाव दिनु हुने महानुभाव प्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यसै गरी नीति तथा कार्यक्रम तर्जुमाको दौरानमा महत्वपुर्ण सहयोग गर्नुहुने गाउँसभा सचिवालय, विषयगत शाखा प्रमुख, सम्पूर्ण वडा सचिव लगायत व्यवस्थापकीय सहयोग पर्याउनु हुने सम्पूर्ण कर्मचारी तथा समस्त गाउँपालिका परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**लछिमन बोहरा**
**गाउँपालिका उपाध्यक्ष**